अनुसूचि नं. २

# सामाजिक आर्थिक रुपान्तरणका लागि बचत तथा ऋण सहकारी संस्थाहरुको योगदान र संस्थाहरुको संजालको औचित्य: सहभागितात्मक अध्ययन


**पुनर्जागरण समाज नेपाल, बालकोट - २, भक्तपुर**

पोष्ट बक्स नं १०४२९, काठमाण्डौ फोन: ६६३२८२१

फ्याक्स: ६६३०४८९; इ-मेल: rsn@ntc.net.np



आषाढ २०६८

**अध्ययन टोलिका सदसयहरु:**

पूर्ण ब. चेम्जोङ - टोलि नेता

कृष्ण भक्त राई - टोलि सदस्य

राधा जि. सी. - टोलि

## बिषय सूचि


१ पृष्ठभूमि ........ 4

२. अध्ययनको उदेश्य र तौर तरिका ........ 5

२.१ अध्ययनको परिधि ........ 6

३. अध्ययनको लेखाजोखा र ठहर ........ 7

३.१ संस्थाहरुको हालको अवस्था/स्थिति ........ 7

३.२ संस्थाको उदेश्य ........ 7

३.३ समुदायमा सामाजिक तथा आर्थिक बिकासमा पुरयाएका योगदानहरु ........ 8

३.४ संस्थाहरुको समुदाय साथै अन्य निकायहरुसंग सम्बन्ध/सहकार्य ........ 10

३.५ संस्थाको समितिमा सामाजिक/लैङ्गिक समाबेसिकरण ........ 10

३.६ संस्थामा मानबिय श्रोत को अवस्था, आबश्यक शीप बिकास को श्रोत/ आबश्यकता ........ 10

३.७ संस्थाको जिल्ला, केन्द्रिय तथा राष्ट्रिय सहकारि संस्थाहरुमा आबध्दता ........ 11

३.८ संस्थाहरुको स्थानिय तह/क्षेत्रमा संस्थाहरुको संजाल (Cooperative Network) को अवस्था/औचित्य/महत्व। ........ 11

३.९ संस्थाहरु एउटै टोल/गांउमा धेरै भएका अवस्थामा संस्थालाई गाभेर/मिलाएर (merge) सेवा प्रदान गर्दाको महशुस, ........ 12

३.१० जिल्ला/क्षेत्रमा सहकारि सम्बन्धि जानाकारि गोष्ठिहरु हुने गरे/नगरेका र सहभागिताको अवस्था ? ........ 13

३.११ सरकारको तीन खम्बे नीति (Public Private Cooperative) अन्तरगत यस संस्थाबाट के के कार्यहरु पहल भएकाछन? 13

३.१२ के कस्तो अपेक्षा गरिएको छ? ........ 14

४. निचोड ........ 15

४.१ वर्तमान समस्याहरु ........ 16

४.२ वर्तमान अवस्थामा देखिएका चुनौतीहरु ........ 17

अनुसुचि १: बचत तथा ऋण सहकारि अध्यन तथा बिष्लेषण को लागि चेक लिस्ट ........ 19

अनुसुचि २: भक्तपुर निर्बाचन क्षेत्र नं २ मा स्थलगत अध्ययन/छलफलको क्रममा प्रत्यक्ष/अप्रत्यक्ष सम्पर्क गरिएका संस्था/ब्यक्तिहरुको नाम/ठेगाना ........ 20

अनुसुचि ३: भक्तपुर निर्बाचन क्षेत्र नं २ मा संजाल (Network) अभीमुखिकरण (Orientation) तालिम को बिषय/बस्तु ........ 23

अनुसुचि ४: भक्तपुर निर्बाचन क्षेत्र नं २ संजाल (Network) अभीमुखिकरण (Orientation) मा सहभागि संस्था हरु बाट तयार गरिएको कार्ययोजना ........ 23

## १. पृष्ठभूमि

नेपालमा सहकारी अभियान बिगत पांच दशक देखि नै शुरु भएको भएता पनि सहकारी संस्थाहरुको स्वतन्त्रता/खुल्लापन तथा स्थापना/बिकास भने २०४६ सालको शफल आन्दोलन पश्चात २०४८ सालमा सहकारी ऐन को निर्माण पछि मात्र देश ब्यापकरुपमा स्थापना भएका हुन । मिश्रित आर्थिक प्रणाली अन्तर्गत समाजको सामाजिक तथा आर्थिक रुपान्तरण गर्नका लागि आम किसान तथा उद्यमिहरुको हितकालागि साझा सहकारि संस्थाहरु ब्यापक रुपमा प्रबर्धन गरिएतापनि समाजका सभ्रान्तहरुको एकलौटि पहुंच र सरकारमूखि ब्यबस्थापनले गर्दा लगभग त्यसखाले साझा सहकारीहरु या त बिघटन भएका छन वा निस्क्रिय अवस्थामा पुगेका छन ।

नेपाल सरकारको उदार आर्थिक नीतिको अबलम्बन संगै बिशेष गरि सहरि क्षेत्र र अर्ध सहरि क्षेत्रमा बचत तथा ऋण सहकारी संस्था र फाइनान्स कम्पनिहरुको बाढि नै आएको छ । यी बचत तथा ऋण सहकारी संस्थाहरुले आफ्ना सदस्यहरु बीच बैंकिङ कारोबार मात्र गरेका छैनन् उद्यम प्रबर्धन, पुंजी बिकास, सम्पति निर्माणका क्षेत्रहरुमा समेत प्रयाप्त योगदान पुरयाएका छन् ।

संस्थाहरुले आर्थिक क्षेत्रमा पुरयाई रहेको योगदान, सदस्यहरुलाई पुगेको सहयोग र समग्र बित्तिय बिकासमा उनिहरुको प्रभाबलाई जनताको सामाजिक तथा आर्थिक रुपान्तरणमा सदुपयोग गर्न सकेमा मात्र सहकारीहरुको उपादेयता देखिने हुंदा उनिहरुलाई समाजमुखि बनाउंदै भौतिक तथा आर्थिक बिकासमा उनिहरुको महत्वलाई स्थापित गर्न सकिने कुरा निर्बिबाद छ । यसै प्रसंग्गमा सरकारको तीन खम्बे निति (Public Private Cooperative) लाई पनि समय/परिबेश अनुसार तर्जुमा गरि कार्यन्वयनमा ध्यान पुरयाउन त्यतिकै आबश्यक छ ।

हाल नेपालमा २०६८ आषाढ मसान्त सम्म दर्ता भएका सहकारी संस्थाहरुको संख्या २३३०१ छन् जस मध्ये १०९९७ (४७.१६%) बचत तथा ऋण सहकारी संस्थाहरु पर्दछन् । भक्तपुर जिल्लाको (१६ गा.बि.स. र २ नगरपालिका) २०६८ आषाढ मसान्त सम्म दर्ता भएका सहकारी संस्थाहरुको आंकडालाई हेर्दा ५२८ सहकरी संस्था छन् जस मध्ये ४२८ (८१%) बचत तथा ऋण सहकारी संस्थाहरु पर्दछन् ।

## २. अध्ययनको उदेश्य र तौर तरिका

भक्तपुर जिल्ला निर्बाचन क्षेत्र नं. २ मा सन्चालित/कार्यरत बचत तथा ऋण सहकारी संस्थाहरुको अध्ययनको खास उदेश्य निम्नानुशार रहेको थियो;

- संस्थाहरुको हालको अवस्था/स्थिति,
- संस्थाहरुले समुदायमा पुरयाएका उल्लेखनिय सेवाहरु,
- समुदायमा समाजिक तथा आर्थिक बिकासमा पुरयाएका योगदानहरु,
- संस्थामा मानबिय श्रोत को अवस्था, आबश्यक शीप बिकास को श्रोत/ आबश्यकाता,
- संस्थाहरु एउटै टोल/गांउमा धेरै भएका अवस्थामा संस्थालाई गाभेर/मिलाएर (merge) सेवा प्रदान गर्दाको महशुस,
- संस्थाहरुको समुदाय साथै अन्य निकायहरुसंग सम्बन्ध/सहकार्य र,
- संस्थाहरुको स्थानिय तह/क्षेत्रमा संस्थाहरुको संजाल (Cooperative Network) को अवस्था/औचित्य/महत्व।

यो अध्ययन सहभागितात्मक सामुदायिक लेखा जोखा को माध्यमबाट भक्तपुर जिल्लाको निर्बाचन क्षेत्र नं. २ अन्तर्गत पर्ने २ नगरपालिका (भक्तपुरको वार्ड नं. २,६,७,११,१२,१४,१६ र १७; मध्यपुर थिमिको वार्ड नं. ७ देखी १७) र ८ गा.बि.स. हरु (चित्तापोल, नंखेल, सिपाडोल, कटुन्जे, सिरुटार, दधिकोट, गुन्डु र बालकोट) मा स्थापित तथा सन्चालित बचत् तथा ऋण सहकारी संस्थाहरुको अध्यन बिश्लेषणको लागि संस्था छनौटकालागि निम्न आधारहरु राखिएको थियो ।

- जिल्ला सदरमुकाम/मुख्य शहरबाट विकट,
- बिपन्न समुदायहरुको बाहुल्यता भएको गा.बि.स.,
- सबै बर्ग जाति/जनजातिहरुको उपस्थिति भएको गा.बि.स.,
- पर्याप्त मात्रामा ब्यबसाय संचालन भएको नगरपालिकाको शहरी क्षेत्र/वार्ड,
- महिला सदस्यहरु द्वारा मात्र सन्चालित संस्था र,
- मध्यपुर थिमि र भक्तपुर नगरपालिकाका बिपन्न बर्गहरुको बाहुल्यता भएको वार्ड/क्षेत्र मा सन्चालित संस्था ।

उपरोक्त आधारबाट दुबै नगरपलिका का आंसिक वार्डहरु र ८ गा.बि.स. हरुबाट आबश्यक सुचनाहरु सहभागिमूलक प्रकृयाबाट संकलन गरिएको थियो ।

यो अध्ययनको लागि तय गरिएका उद्धेश्यहरुको आधारमा संस्थाहरुबाट जानाकारि लिनु पर्ने कुरा हरुको सुचि (Check List) तयार पारिएको थियो (अनुसुचि-१) र उक्त सुचिहरुको

आधारमा प्रत्यक्ष (१६) र अप्रत्यक्ष (९) गरि जम्मा २५ वटा संस्थाहरुमा संस्थाका अध्यक्ष/प्रबन्धक/ ब्यबस्थापक हरुसंग प्रत्यक्ष बृस्तित कुराकानिबाट जानाकारि हासिल गरिएको थियो। यसरीनै आबश्यक जानाकरि सहकारी डिभिजन कार्यालय, जिल्ला सहकारी संघ, जिल्ला बचत तथा ऋण सहकारी संघ र अन्य जानिफकार ब्यक्ति हरुबाट पनि प्रत्यक्ष बृस्तित कुराकानिबाट जानाकारि लिइएको थियो ।

अध्ययनको लागि आबश्यक गा.बि.स./न.पा., संस्था, जानाकारिका खाका, तौर तरिका र जानाकारि लिनु पर्ने कुरा हरुको सुचि (Check List) हरु पुनर्जागरण समाज नेपाल का कार्य समिति अध्यक्ष/सदस्य, अध्ययन टोलिका सदस्य र सहकारी बिशेषज्ञहरुको सहभागितात्मक छलफलबाट अन्तिम रुप दिइएको थियो ।

हाल प्रकाशन मा आएका सहकारी संस्था सम्बन्धि निति/नियम, लेख, प्रतिबेदन हरुको पनि बृस्तित अध्ययन गरिएको थियो ।

अध्ययनबाट आएका जानाकरिहरुको बिश्लेषण पश्चात प्राप्त भएका सुचना तथा निचोडहरु कार्याशाला गोष्ठि मा प्रस्तुत गरि सहभागिहरुबाट (सहकारी संस्था, लाभान्वित समुदायका सदस्य, जिल्ला का संघ/संस्था प्रतिनिधि) प्राप्त टिप्पणी र सुझाबहरुलाई मनन गरि अन्तिम प्रतिबेदन तयार गरिएको थियो ।

संस्थाहरुको स्थलगत अध्ययन/छलफल जेष्ठ १ - २१, २०६९ मा गरिएको थियो। थप जानाकारि/परामर्श हरु स्थलगत अध्ययन/छलफलका अघि तथा पछि भक्तपुर र काठमाण्डौ मा गरिएको थियो । स्थलगत अध्ययन/छलफलको क्रममा सम्पर्क गरिएका संस्था/ब्यक्तिहरुको नाम/ठेगाना अनुसुचि-२ मा राखिएको छ ।

## २.१ अध्ययनको परिधि

भक्तपुर जिल्लाको निर्बाचन क्षेत्र नं २ मा पर्ने २ वटा नगरपालिका का केहि वार्डहरु र ८ गा.बि.स. मा कार्यरत संस्थाहरुमा यस अध्ययन/छलफलको लागि संस्था र स्थान छनौटका आधारहरुमा परेका परिधीबाट मात्र जानाकारी लिइएको थियो । यस अधययन/बिश्लेषणबाट आएका नतिजा, निचोड तथा बिकल्पहरु उक्त क्षेत्रबाट प्राप्त आंकडा/अभिलेख, सूचना तथा प्रत्यक्ष कुराकानीमा आधारित हुन । अत: यस प्रतिबेदनका निचोड तथा बिकल्पहरुलाई सामान्यत अन्य क्षेत्रहरुकोलागि सामान्यीकरण गर्न भने

सकिने छैन । यो अध्ययन खास कारण तथा उद्धेश्य राखिएर बिशेष परिबेश र अवस्थामा गरिएको थियो ।

यो अध्ययन छोटो समय र सिमित श्रोत/साधनबाट सम्पन्न गर्नु परेकाले अधययन/बिक्ष्लेषणको लागि सिमित् संस्था/ब्यक्तिहरु संग मात्र सम्पर्क, कुराकानी र समन्वय गर्न सम्भब भएको थियो ।

## ३. अध्ययनको लेखाजोखा र ठहर

### ३.१ संस्थाहरुको हालको अवस्था/स्थिति

भक्तपुर जिल्लामा २०६८ आषाढ मसान्त सम्म दर्ता भएका संस्थाहरु जम्मा ५६० रहेका छन् जस मध्ये ४४८ बचत तथा ऋण सहकारी संस्थाहरु रहेका छन्[1] र, यी संस्थाहरु मार्फत ९३,७२० समुदायका सदस्यहरुले प्रत्यक्ष सेवा पाएका छन् । यसलाई भक्तपुर निर्बाचन क्षेत्र नं. २ मा हेर्दा २४० बचत तथा ऋण सहकारी संस्थाहरु रहेका छन् भने ५६,९४० सदस्यहरुले प्रत्यक्ष सेवा पाएको देखिन्छ । यसलाई जनसंख्या (९२,६८६) को आधारबाट हेरयौं भने करिब ६२% सदस्य (१६,७९१ घर धुरी) मा सेवा पुगेको देखिन्छ । हाल सम्म यी संस्थाहरुबाट भक्तपुर क्षेत्र नं २ मा लगभग सदस्यहरुको शेयर पुँजी रु.५७७६३३४८२/-, बचत रकम रु.२४६८२३९९२३/- र ऋण लगानी रु.४९६७१४४३२४/- को योगदान देखिन्छ । त्यसरीनै उक्त क्षेत्रम एउटा संस्थाबाट गा.बि.स. क्षेत्रमा २ देखि ६ जना र न.पा. क्षेत्रमा ६ देखि १० जना सम्मलाई रोजगारीको अबसर श्रृजना गरेको पाइन्छ र हालसम्म भक्तपुर निर्बाचन क्षेत्र नं. २ मा ९५० देखि ११५० जना ब्यक्तीहरुलाई प्रत्यक्ष रोजगारी प्रदान गरेको पाइन्छ ।

यो अध्ययनको शिलसिलामा बिभिन्न दायरा, क्षेत्र, अवस्था र संस्थाका क्रियाकलाप, सामाजिक तथा आर्थिक रुपान्तरणको लागि बचत तथा ऋण सहकारी संस्थाहरुको योगदान र संस्थाहरुलाई स्थानिय क्षेत्रमा संजाल (Network) को औचित्य तथा महत्वबारे छलफलबाट आएका भनाइहरु बुंदागत रुपमा निम्नानुशार छन् ।

### ३.२ संस्थाको उदेश्य

भक्तपुर जिल्लाको क्षेत्र नं २ मा संचालित अधीकांश बचत तथा ऋण सहकारी संस्थाहरुको उदेश्य निम्नानुशार रहेको पाईयो;

---

[1] २०६९, डिभिजन सहकारी कार्यालय, भक्तपुर

- सदस्यहरुलाई स्वाबलम्बि र मितब्ययी बनाउन प्रेरित गरि उनिहरुबाट नियमित बचत गर्ने,
- संकलित बचतमा समय सापेक्षित ब्याज प्रदान गर्ने,
- पूंजिको अभाब भएका/विपन्न ब्यक्तिहरुलाई आय आर्जन हुने क्षेत्र पहिल्याएर आयमूलक साथै शीपमूलक कार्यको लागी शुलभ ब्याज दरमा ऋण लगानि गर्ने,
- निम्न बर्गका/बिपन्न महिलाहरुको आर्थिक उत्थानको लागि बिशेष कार्यक्रम हरु संचालन गर्ने,
- समुदायमा स्वरोजगारको मौकाहरु सृजना गर्ने,
- सहकारी शिक्षा, तालिम साथै स्वास्थ्य र सामाजिक सेवा प्रदान गर्ने
- सदस्यहरुलाई योजनाबध्द तवरले आय आर्जनको निश्चित अंश संचय गराई भबिष्यमा आइ पर्ने कुराहरुको लागि केहि रकम जोहो गर्ने बानी बसाउन उत्प्रेरित गर्ने,
- संस्थाको बिकासको लागि आय आर्जन हुने परियोजना संचालन गर्ने,
- सदस्यहरुलाई आर्थिक एबं सामाजिक लाभ हुने अन्य कार्यक्रमहरु संचालन गर्ने,
- सदस्यहरुका ब्यक्तित्व, नेतृत्व तथा समुदायको बिकासमा टेवा पुरयाउने खालका प्रशिक्षणहरु संचालन गर्ने,

### ३.३ समुदायमा सामाजिक तथा आर्थिक बिकासमा पुरयाएका योगदानहरु

अध्ययनको दायरामा परेका संस्थाहरु २०५७ देखि २०६७ सालमा स्थापना भएका पाइएका थिए। सम्पर्क गरिएका सबै संस्थाहरुले कुनै न कुनै रुपमा समुदाय/टोलमा सेवा/सहयोगहरु उपलब्ध गराएको पाईयो । उपलब्ध गराईएका सेवा/सहयोगहरु निम्नानुशार पाइएको थियो;

**सामाजिक/आर्थिक सेवा:**

- संस्थाको सदस्य मृत्यु भएमा रु. १०,०००/- सम्म राहत कोष,
- बिरामी भएमा निरब्याजि ऋण सहयोग (६ महिना सम्म),
- सदस्य बेपत्ता भएमा/हराएमा खोज तलासमा सहयोग,
- शेयर सदस्यको घरमा कसैको मृत्यु भएमा प्रत्येक सदस्यले रु.५०/- दरले सहयोग रकम उठाइ एक मुष्ट सहयोग दिने,
- सदस्यको परिवार मृत्यु भएमा एक मुष्ठ रु. २०००/- सहयोग,
- असामयीक निधन भएको परिवारमा सहयोग (रू.५०००/-),
- शेयर सदस्यहरुलाई आपद बिपदमा आर्थिक सहयोग दिने (५०००-५०,००० सम्म दिएको - १४% ब्याजमा),

- दैबि प्रकोप सेवा
- राहत कोषको ब्यबस्था जस अन्तर्गत सदस्यको घरमा मृत्यू भएमा रु.५०००/- सम्म सहयोग,
- समुदायका जेष्ठ सदस्यहरुलाई बिभिन्न मठ मन्दीरमा दर्शन भ्रमण गराएको,
- दशैंमा संस्कृति जगेर्नाकोलागि लिङ्गे पिङको स्थापना,
- शेयर सदस्य र तिनका परिवार बिरामी पर्दा पूर्ण सहयोग र सहकार्य गर्ने,
- सामुदायीक बाटो निर्माण मा सहयोग,
- गांउ/टोलको चौकि निर्माणमा सहयोग (रु ५५११/),

**स्वास्थ्य सेवा:**

- स्वास्थ्य शरसफाई सम्बन्धी जन चेतना मुलक कार्यक्रम सन्चालन गरेको,
- निशुल्क स्वास्थ्य शिबिर (हाड जोर्नि, महिला प्रजनन),
- रक्त दान कार्यक्रम,
- रेडक्रस भवन निर्माणमा आर्थिक सहयोग (रु ५०००/-),
- स्वास्थ्य क्षेत्रमा सहयोग (मृगौला पडित लाई रु ५५११/-),
- बिरामी उपचार सेवा,
- समुदायमा एम्बुलेन्स सन्चलनमा आर्थिक सहयोग (१०००/-)

**शिक्षा सेवा:**

- शिक्षा क्षेत्रमा सहयोग (आर्थिक र छात्र बृति,
- छात्र बृती (नियमित सेवा १% भन्दा कम),
- स्कूललाई फर्निचर सहयोग (४५ गोटा),
- खेलकुद बिकास कार्यक्रममा सहयोग,

**अन्य सेवा:**

- महिला कानुनि साक्षरता कार्यक्रम
- अपाङ्ग संस्थालाई आर्थिक सहयोग (रु १५०००/-),
- बिश्व बाताबरण दिवसमा जिल्ला बन कार्यालयको सहयोगमा बृक्षारोपण,
- कृषि भ्रमण र बिउ बिजन बितरण गरेको,
- संस्थामा सदस्यहरुलाई निशुल्क इन्टरनेट सेवा,
- समुदायका सदस्यहरुमा बचत तथा ऋणको सेवा,
- बिल भुक्तानी सेवा (बिजुलि/टेलिफोन),
- बिपन्नलाई बैदेशिक रोजगारीमा जानलाई ऋण सहयोग,

- समुदायका सदस्य/ब्यक्तिहरुलाई निशुल्क ब्यबसायीक तालिम प्रदान,
- किराना पशल सन्चालनमा ऋण सहयोग,
- ऋण सेवा (गाई पालन, कुखुरा पालन, तरकारी खेती)

### ३.४ संस्थाहरुको समुदाय साथै अन्य निकायहरुसंग सम्बन्ध/सहकार्य

संस्थाहरुको समुदायमा साथै उक्त क्षेत्रमा कार्यरत अन्य संघ/संस्थाहरु संगको सम्बन्ध तथा सहकार्यको अवस्थाबारे जानाकारी लिदां निम्न बमोजिमको अवस्था पाइएको थियो;

- संस्थागत सहकार्यको रुपमा स्वबलम्बन महिला बचत तथा ऋण सहकारी संग रकम कारोबार मा सहयोग,
- स्थानिय NGO संग सहकार्यमा समुदायमा महिला जनचेतना, सरसफाई, कृषि तालिम,
- गा बि स संग सहकार्य गरी महिलाहरुमा ब्युटिसियन तालिम (६०:३०),
- जनचेतना महिला समुह कोषको लागि शेयर सदस्यहरुबाट बार्षिक रु २५/ संकलन,
- जिल्ला बन कार्यालयसंगको सहकार्यमा बृक्षारोपण कार्यक्रम,
- रेडक्रस, फुलबरी फोहर संकलन केन्द्र र समुदाय संगको सहकार्यमा गाँउ टोल शरसफाईकार्यक्रम संचालन,
- समुदायमा पूर्ब सहकारी शिक्षा कार्यक्रम संचालन,

यसरी संस्थाहरुले समुदायमा सामाजिक आर्थिक बिकासकोलागि प्रशस्त सहयोग पुरयाएको देखिन्छ तर यस्ता सहयोग कार्यक्रमहरु संस्थाको नियमित कार्यक्रममा भने पर्दैनन र यो संस्थाले ऐच्छिक कार्यक्रमको रुपमा मात्र संचालन गरेको पाइएको छ ।

### ३.५ संस्थाको समितिमा सामाजिक/लैङ्गिक समाबेसिकरण

सम्पर्क गरिएका संस्थाहरु मा केहि संस्थामा मात्र बिधानमा सामाजिक समाबेसिकरण लाई प्रष्ट उल्लेख गरीएको पाइयो। संस्थाहरुमा ७ देखि ११ जना को कार्य समिति पाइयो भने महिला समाबेसिकरणको आधारबाट हेर्दा थोरै संस्थारुमा मात्र सानो संख्यामा (२ जना सम्म) मात्र रहेको पाइयो।

### ३.६ संस्थामा मानबिय श्रोत को अवस्था, आबश्यक शीप बिकास को श्रोत/ आबश्यकता

बचत तथा ऋण सहकारी क्षेत्रमा मानबिय श्रोत र दक्षता/शीप को अवस्था के कस्तो छ र शीप बिकासको लागि श्रोत को/कहां हो भन्ने जिज्ञासामा सम्पर्क गरिएका अधिकांस (९९%) संस्थाहरुले डिभिजन सहकारी कार्यालय लाई मुख्य श्रोतमा मानेको पाइयो र अन्य श्रोतहरु निम्नानुशार पाइयो ।

- स्टाफहरु भरसक योग्य लिने गरेको,
- श्रोत: डिभिजन सहकारी कार्यालय, संघ, नेफ्सकुन, सहकारी संस्था र संस्था सदस्यहरु र त्यहांबाट Leadership, PEARLS and Office management तालिम हरु लिन पाएको,
- सहकारी डिभिजन कार्यलयबाट तालिम खर्च संस्थागत गरिएको,
- सहकारी डिभिजन कार्यलयबाट लेखा ब्यबस्थापन तालिम र संचालक समिती ले सामानय ब्यबस्थापन सम्बन्धि तालिम,
- आबश्यक भएको र शीपकोलागि आफै ब्यबस्था गर्ने गरेको;

## ३.७ संस्थाको जिल्ला, केन्द्रिय तथा राष्ट्रिय सहकारि संस्थाहरुमा आबध्दता

धैरैजसो संस्थाहरु जिल्ला/केन्द्रिय बचत तथा ऋण सहकारी र राष्ट्रिय सहकारी बैंकमा आबध्द नभएको (सम्पर्क गरिएको संस्था मा ६०%) पाइयो । अध्ययनकै शिलसिलामा आबध्द रहंदा नरहंदा संस्थालाई पर्ने फरक बारे छलफल हुंदा संस्थाहरुको भनाइ निम्नानुशार पाइएको थियो;

**आबध्द रहंदा नरहंदा संस्थालाई फरक**

- आबध्दता नरहंदा संघबाट पाउने सेवा सुबिधाबाट बन्चित,
- अभिलेखको अभाब हुने,
- सेमिनार/गोष्ठिमा भाग लिन नपाइने
- नेफ्सकुनमा आबध्द हुंदा फण्ड चलाउन पाईने,
- अन्तराष्ट्रिय भ्रमणमा सहभागिता हुने मौका,
- आबध्दता हुंदा तालिम तथा ऋणमा सुबिधा/सहयोग पाईने;
- बिभिन्न तालिम, गोष्ठि तथा भ्रमणमा सहभागिता हुन सहज हुने;
- आबध्द हुंदानै बढी फायदा <u>तर</u> आबध्द हुनलाई शेयर सदस्यता कम्तिमा १० कित्ता लिनु पर्ने र प्रति कित्ता शुल्क १,०००/- का दरले जम्मा १०,०००/- लाग्ने रकम साना सहकारीलई महंगो पर्ने ।

## ३.८ संस्थाहरुको स्थानिय तह/क्षेत्रमा संस्थाहरुको संजाल (Cooperative Network) को अवस्था/औचित्य/महत्व।

सहकारी संस्थाहरुको संख्या दिनादिन बढ्दै गएको र बिद्धमान संख्यालाई जिल्ला संघले प्रत्यक्ष सम्पर्क, समन्वय र अनुगमन साथै सहकारीताको मर्म/भावना अनुरुप प्रारम्भिक संस्थाहरुलाई समेट्न नसकि रहेको अवस्थामा सिमित क्षेत्र भित्र संजालको औचित्य/महत्व बारे छलफल हुंदा सम्पर्क गरिएका सबै संस्थाहरुले संजालको

औचित्य/महत्व भएको बिचार राख्नु भयो र थप बिचार र भाबना निम्नानुशार ब्यक्त गरिएका थिए;

- औचित्य/महत्व भएको। यस्ले संस्थालाई काम गर्न सहज हुने र त्यस्तो किसिमको महशुस गरिएको पनि छ तर, खासै पहल भएको छैन ।
- राम्रो हो, सहकारी-सहकारी समन्वयकोलागि केहि समय पहिले दधिकोट, सिरुटार, बालकोटमा पहल गरेको (कार्यपत्रपनि तयार गरेको थियो) तर पछि त्यतिकै अलमल भइ सेलायो (महिला अभियान संस्थाका अध्यक्ष श्री सरिता भट्टराईको संयोजकतामा समिती गठन भएको थियो) ।
- भएमा राम्रो र, गा.बि.स. स्तरिय संजाल भए राम्रो; संजाल भए सहकारीहरुमा समान ब्यबहार र अवशर प्राप्त हुन सक्ने ।
- संजाल निर्माण गरेमा राम्रो हुन्छ तर यसको लागि कुनै पहल गरिएको छैन।
- महशुस गरीएको छ, संजाल गठन गरेमा संस्थाहरुलाई अगाडि बढाउनमा सहज हुने ।

स्थलगत भ्रमण/छलफल पश्चात बचत तथा ऋण सहकारी संस्थाहरुको स्थानिय क्षेत्रमा संजाल (SACCos' Network) को महत्व र औचित्यलाई मध्यनजर गर्दै निश्चित छनौटका आधार तयार गरी ३५ संस्थाहरुको छनौट गरी एक दिने संजाल अभिमुखिकरण/प्रशिक्षण को आयोजाना गरीएको थियो (संजाल अभिमुखिकरण/प्रशिक्षण को बिषय बस्तु/श्रोत ब्यक्ति हरुको सूची अनुसचि: ३ मा दिईएको छ) ।

यस अभिमुखिकरणको दौरानमा बचत तथा ऋण सहकारी संस्था बीचआगामि दिनका कार्यहरुलाई निरन्तरता दिन सहभागिहरुबाट शुरुवाति कार्ययोजना (अनुसुची: ४) तयार गरी सहभागि संस्थाहरुबाट शुष्मा चौलागाई, दधिकोट को संयोजकत्वमा एक तदर्थ समिति समेत गठन गरीएको थियो ।

### ३.९ संस्थाहरु एउटै टोल/गांउमा धैरै भएका अवस्थामा संस्थालाई गाभेर/मिलाएर (merge) सेवा प्रदान गर्दाको महशुस,

संस्थाहरु एउटै गांउ/ठांउ/टोल/भवनमा अधिक संख्यामा स्थापना हुनु र कतिपय स्थानमा अस्वस्थ प्रतिसप्रधा हुने गरेको अवस्थामा, धैरै भएको अवस्थामा संस्थालाई गाभेर/मिलाएर (merge) सेवा प्रदान गरने सवालमा संस्थाहरुको मिश्रित भावना पाइयो र जस्मा केहि कारण/तर्क/त्रास को भावनाहरु ब्यक्त गर्नुभएको थियो;

- संस्थालाई मिलाएर लैजांदा सहकारीलाई सहज हुन्थ्यो, तर बढी कर्मचारी हुनसक्छ र पारिश्रमिकको ब्यबस्था गर्न कठिन हुन्छ । पदको बिभेद हुन सक्छ ।

- रात्रो हो, सेवा सुबिधा नघट्ने गरी कार्यान्वयन भएमा ।
- हुनत नियमले ३ किमि को फरकमा मात्र शाखा राख्ने नियम छ तर नियमन गर्ने निकायबाट कार्यान्वयन भएको छैन ।
- ब्यबहारिकता नमिल्ने/उदेश्य कतिपय नमिल्ने भएकाले गाभ्न समस्या छ ।
- बिचार, ब्यबहार साथै उध्देश्य नमिल्ने भएकाले गाभ्न ठीक हुंदैन ।
- अस्वस्थ प्रतिस्पर्धालाई हेर्दा संस्थाहरु गाभेर सन्चालन गरे सेवा प्रदान गर्न सहज हुन्छ भन्ने महशुस गरिएकोछ ।

### ३.१० जिल्ला/क्षेत्रमा सहकारि सम्बन्धि जानाकारि गोष्ठिहरु हुने गरे/नगरेका र सहभागिताको अवस्था ?

- खासै सहभागी नभएको;
- डिभिजन कार्यालय बाट लेखा ब्यबस्थापन तालिममा सहभागी भएको;
- हुनेगरेको, संघ, डिभिजन मार्फत तर चासो राख्नु पर्छ;
- कहिलेकाहिं डिभिजनबाट हुनेगरेको;
- खासै सहभागी नभएको;
- सहकारीका निकाय बाहेक अन्य क्षेत्र जिल्लामा सहकारी सम्बन्धि जानाकारी केहि पनि छैन;

### ३.११ सरकारको तीन खम्बे नीति (Public Private Cooperative) अन्तरगत यस संस्थाबाट के के कार्यहरु पहल भएकाछन?

नेपाल सरकारले सहकारीलाई तीन खम्वे नीतिमध्ये एक खम्वका रुपमा स्वीकार गरेको छ । नेपालको अन्तरिम संविधान २०६३ मा सहकारीलाई अर्थतन्त्रको एक खम्बाको रुपमा स्वीकार गरिएको हो । त्यसपश्चात प्रत्येक आर्थिक वर्षमा आउने बजेट वक्तव्यमा पनि सहकारीलाई उच्च प्राथमिकतामा पार्ने गरिएको छ । यसै प्रसङ्गमा तीन खम्बा मध्येको एक खम्बा सहकारी संस्था आफैमा के कस्ता कार्यक्रम/नीति हरु पहल भएका छन भन्नेबारे छलफल हुंदा संस्थाहरुबाट निम्नानुशार बिचारहरु ब्यक्त गरिएका थिए;

- हाल सम्म कुनै पहल छैन;
- खासै केहि पनि पहल भएको छैन तर सहकारीको ठुलो भूमिका छ;
- हाल सम्म कुनै जानाकरी पाईएको छैन;
- आधीकारिक जानाकरी पाईएको छैन, मिडियाबाट सुनेका छौं;
- हाल सम्म त्यस्तो कुनै पहल भएको छैन;

## ३.१२ के कस्तो अपेक्षा गरिएको छ?

**क) संस्थाबाट समुदायले**

- ऋण सहज रुपमा पाए हुन्थ्यो;
- बचतको सहि सदुपयोग गरियोस; समय समयमा सहयोग पाईयोस;
- संच्चित रकम उचित कार्यमा लगाइयोस;
- महिलाहरुको लागि शीपमुलक तालिम; आफ्नो बचतको सुरक्षा; बराबर शेयर राख्न पाईयोस (५००-१५००० सम्म)
- सामाजिक र दैबि प्रकोपमा आर्थिक सहयोगको अपेक्षा;
- आर्थिक बृध्दि, सामजिक सेवामा सहयोग, ब्यबसायीक तालिमहरुको अपेक्षा;

**ख) समुदायबाट संस्थाले**

- शेयर सदस्य बृध्दि भए हुन्थ्यो; बचत गर्ने बानीको विकास गरिदिए हुन्थ्यो;
- संस्थागत उदेश्य र महत्वलाई बुझिदिए हुन्थ्यो;
- बढिसे बढि सदस्यहरु संस्थामा आबध्द होउन;
- सदस्यहरुको आसा आकांक्षालाई पुरा गर्न सकियोस;
- सदस्यहरुले संस्थाको बाध्यता/परिस्थिति बुझिदेवोस;
- नियमित बचत गर्ने बानीको बिकास होस जसले गर्दा उनिहरु आत्मानिर्भर बन्न सकुन;
- नियमित बचत गर्ने बानि बसाई भबिष्यकोलागि आर्थिक सुरक्षा गरुन;
- संस्था द्वारा दिइएको सिपमुलक तालिमको सहि सदुपयोग गरी आर्थिक उन्नति गरुन;

**ग) जिल्ला/केन्द्रिय/राष्ट्रिय संस्था बाट प्रारम्भिक संस्थाहरुले**

- संस्थाको कार्यक्षेत्र बिस्तार गर्ने उदेश्य/काममा डिभिजन कार्यालयले सहयोग गरिदिएहुन्थ्यो;
- सहकारी नर्मस संग बाझिएको; अन्तरसहकारी कारोबार, नियमानुसार कार्य अनुगमन भइ दिए हुन्थ्यो;
- सहकारी संचालनमा दक्षताको लागि आबस्यक शीप र निशुल्क आबश्यकतानुशार तालिम/भ्रमण;
- आर्थिक सहयोगमा सहयोग/समन्वय;
- समय-समयमा डिभिजनबाट अनुगमन/निरीक्षण/ सुझाब;

- सहकारीलाई ब्यबस्थित रुपमा संचालन गर्न आबश्यक ज्ञान तथा तालिम (कम्प्युटरबाट आर्थिक कारोबार शीप) को ब्यबस्था;

**घ) बिभाग, मन्त्रालय बाट प्रारम्भिक संस्थाहरुले**

- नियमानुसार अनुगमन र नीती नियममा प्रष्टता र समयमा उपलबध्ता
- महिलाहरुबाट सञ्चालित संस्थाहरुले कहां कता बाट के कस्ता सहयोग पाउन सकिन्छ? सुचनाको सहयोग;
- आबध्दता लिंदा रु.१०,०००/ लाग्ने यो रकम र कर जस्ता शुल्कहरुमा महिला संस्थाहरुलाई छुटको ब्यबस्था;
- कर अशुलिमा प्रष्टता भइदिनु पर्ने;
- ऋण ब्याज दरमा बिशेष सहुलियत;
- सहकारी शिक्षा सबै सहकारीहरुलाई नियमित रुपमा दिइनु पर्ने;

**ङ) अन्य राष्ट्रिय/अन्तरराष्ट्रिय संस्थाहरु बाट प्रारम्भिक संस्थाहरुले**

- सहकारी आफ्नो बलबुताले अगाडि बढेको सहकारीलाई केहि अप्ठ्यारा अवस्थामा पुग्दा सरसल्लाह सुझाब लिने/दिने संस्था कुन हो थाहा पाउन पाए हुन्थ्यो?
- सम्मेलन, तालिममा सुबिधा र महिला संस्थाहरुलाई बिशेष प्राथमिकता;
- क्षेत्र नं. २ अन्तर्गतका बचत तथा ऋण सहकारी संस्थाहरुको बीचमा संजाल गठन गरेमा संस्थाको बिकासमा महत्वपूर्ण योगदान पुग्ने थियो;
- सहकारी सम्बन्धी सुचना/चेतनामुलक कार्यक्रम र नेतृत्व बिकास सम्बन्धि तालिमको ब्यबस्था;

## ४. निचोड

बचत तथा ऋण सहकारी संस्था मार्फत बचत परिचालन, लगानी अभिवृद्धि गर्दै सहकरीलाई राष्ट्रको आर्थिक, सामाजिक र सांस्कृतिक विकासको महत्वपूर्ण माध्यम बनाउने तथा ग्रामिण विकासमा सहकारीलाई संयोजनकारी भूमिका खेल्ने गरी दीर्घकालिन सोच सहितको योजना तर्जुमा, नीति नियममा समयानुकूल परिर्वतन सहकारी शिक्षा, सूचना र तालिममा सबैको सहज पहुंचको व्यवस्था आदि जरुरी भैसकेको पृष्ठभूमिमा ग्रामीण क्षेत्रहरुमा प्रारम्भिक संस्थाहरुको सक्रिय भूमिका अत्यन्त महत्वपूर्ण रहेको छ ।

सहकारी संस्थाको दर्ता प्रकृया, संचालन गतिविधि र अन्य सृर्जित वर्तमान घटनालाई हेर्ने हो भने देशमा उत्पादन सहकारीहरुको संख्या ज्यादै न्यून छ भने भएका सहकारीवीच

दिगोपन पनि त्यति भरपर्दो र उपयुक्त छैन । बचत तथा ऋण सहकारीलाई व्यवस्थित गर्न नसकिएमा आर्थिक पलायन र विचलनको स्थिती नआउला भन्न पनि सकिन्न विगत देखि वर्तमानसम्मको नेपाली सहकारी आन्दोलनलाई हेर्ने हो भने धेरै समस्या र चुनौती मात्र होइन, प्रशस्त सम्भावना र अवसरहरु पनि छन् ।

## ४.१ वर्तमान समस्याहरु

१ समय सापेक्ष ऐन नियम, विनियम, नियमावली र मापदण्डको कमी रहेको र भएका पनि कार्यान्वयनमा आउन नसकेको अवस्था ।

२ सहकारी सूचना प्रदायक निकायको अभाव ।

३ सूचना प्रणाली र सूचना सम्प्रेषणको अभावको स्थिती ।

४ सहकारी शिक्षालाई औपचारिक रुपमा व्यवस्था नगरिनु ।

५ तालिमका अवसरमा पहुँच विस्तार नगरिनु ।

६ सहकारी संघ संस्थामा राजनैतिक हस्तक्षेप बढ्नु ।

७ नियमनकारी निकाय र छाता संगठनहरुको भूमिका प्रभावकारी र हितकारी नहुनु।

८ व्यवसायिक नेतृत्व विकास नहुनु, व्यवसायिक क्षमता एवं पूँजीको अभाव हुनु ।

९ सरकार र सहकारी बीच समन्वयको कमी हुनु ।

१० निजी क्षेत्रले सहकारी क्षेत्रलाई सहज रुपमा स्वीकार्न नसक्नु ।

११ वर्गिकरण नगरी सबैलाई एउटै करको दायरामा राख्नु ।

१२ संस्थामा मुनाफा आर्जनलाई मात्र विकास र दिगोपनको रुपमा लिनु ।

१३ जनमानसमा सहकारी संस्थाप्रतिको सोचाई/धारणामा परिवर्तन आउन नसक्नु ।

१४ वितिय कारोबार गर्ने बचत तथा ऋण नियमन र निरीक्षणको लागि समुचीत संस्थागत व्यवस्था नहुनु ।

१५ राज्यको स्पष्ट नीतिको अभावमा सहकारी क्षेत्रले सदैव शंका र असुरक्षा महशुस गर्नु ।

१६ संस्था भित्र शेयर बितरणमा आफुखुशी सिमित ब्यक्तिमा मात्र बितरण गरि अन्यलाई लाभान्सबाट बन्चित गरिने परिपाटि ।

१७ कालो सुचिमा परेका संस्थाहरुलाई कारबाहिको दायरामा ल्याउन नसक्नु ।

१८ सरकारले अघिसारेको तिन खम्बे निति आज सम्म पनि प्रष्ट नहुनु ।

१९ जिल्लामा सबै बचत तथा ऋण सहकरी संस्थाहरुलाई एउटै आंखाले हेरिनु (दुर्गम, असहाय महिला, अपांग्ग तथा पिछडिएका समुदायबाट संचालित) ।

२० सबै संस्थाहरुलाई एउटै करको दायरामा राखिनु र

२१ संस्थाहरुको लेखा परीक्षण गरिंदा सानो ठुलो कारोबार गर्ने सबैलाई एउटै तहबाट लेखा परीक्षण हुनु ।

यी प्रतिनिधि मूलक समस्या बाहेक अन्य धेरै समास्याहरु बाट नेपालको सहकारी क्षेत्र गुज्रिरहेको पाईन्छ । यी समस्याहरुसँग भिड्ने क्रममा सहकारी क्षेत्रले धेरै चुनौतीहरुको सामना समेत गर्नुपरेको अवस्था देखिएकोछ ।

## ४.२ वर्तमान अवस्थामा देखिएका चुनौतीहरु

क. दुर्गम, पहाडी र पिछडिएका क्षेत्रमा सहकारीता विस्तार र सुदृढिकरण गर्ने ।

ख. सम्पन्न र औधोगिक, व्यापारिक घरानका सहकारीसँग सिमान्तकृत वर्गका सहकारीले गर्नु परेको प्रतिस्पर्धा ।

ग. संस्थागत सुशासन पद्धतिको विकास गर्ने ।

घ. सहकारीलाई राजनैतिक भागवन्डाबाट अलग राखि योग्य, सक्षम र सवल नेतृत्वको पहिचान गर्ने ।

यस्ता चुनौतीहरुसँग सामना गर्दै संस्था र संस्थागत गतिविधि अगाडि बढाउन सकेमा नेपालको सहकारी आन्दोलन सफल हुने साथै देशको दिगो विकास हुने र सामाजिक सदभाब समेत बढेर जानेछ ।

सहकारीको विस्तार र बिकासको क्रममा सहकारी क्षेत्रले थुप्रै सम्भावना हरु बोकेको छ । र, यस क्षेत्रमा प्रशस्त अवसरहरु प्राप्त हुने देखिन्छ ।

यसै परीप्रेक्षमा सरकारले अघि सारेको तीन खम्बे आर्थिक नीतीमा एक खम्बा सहकारीनै हुनुका साथै देशमा निम्न कुराहरुको सकारात्मक वाताबरण बन्दैगएकाले पनि समग्र सहकारीको औचित्य/महत्व प्रबल देखएकोछ ।

- राष्ट्रले आर्थिक विकासको नीति अवलम्बन गर्दा सहकारी क्षेत्रलाई महत्व दिनु,
- तिन खम्बे अर्थनीति भित्र सहकारी व्याख्या हुनु,
- सहकारी मन्त्रालय र विभागको संजाल विस्तार हुनु,

- छाता संस्थाहरु विषयगत संघ, जिल्ला संघ, केन्द्रीय संघ र राष्ट्रिय संघको छाता संगठनहरु विस्तार हुनु,
- उत्पादन, प्रशोधन, संकलन, बजार व्यवस्था, उपभोक्ता, वितरण स्वास्थ्य/शिक्षा, विज्ञान प्रविधि, आवास, विध्दुत संचार, यातायात र विमा लगायतका क्षेत्रमा सहकारिता मार्फत संजाल निर्माण हुनु,
- महिला सहकारी संख्यात्मकता सँगसगै गुणात्मकता बढ्नु,
- अन्तर्राष्ट्रिय संघ संस्था र दातृ निकाय पनि सहकारी विकास प्रति प्रतिवद्ध रहनु,
- सहकारीलाई छापा र रेडियो माध्यममा जनचेतना अभिवृद्धि कार्यक्रममा स्थान दिनु,
- रोजगारका अवसरहरु सृजना गरी श्रम र सीप विदेशीनुबाट रोकी राष्ट्रको दिगो विकासमा टेवा दिनु ।

यस प्रकार धेरै ठूलो सम्भावना बोकेको सहकारी क्षेत्रलाई विकास गर्न र दिगो विकासको सहयात्री बनाउन दिर्घकालिन दृष्टिकोण तय गरी, रणनितीहरु प्रयोग गरी निति तथा कार्यक्रमका कार्यगत नितिहरुमा समय सापेक्ष सुधार गर्न सकेमा अपेक्षित उपलब्धिहरु प्राप्त हुने अनुमान मात्र लगाउने होइन जोखिमको अवस्थामा पनि न्यूनिकरण गर्न सकिन्छ, तर कार्यान्वयन अनुगमन र मूल्याङ्कनको व्यवस्था मूल्य मान्यता र सिद्धान्त बमोजीम हुनुपर्दछ ।

## अनुसुचि १: बचत तथा ऋण सहकारि अध्यन तथा बिष्लेषण को लागि चेक लिस्ट

भक्तपुर जिल्ला क्षेत्र नं २ मा बचत तथा ऋण सहकारी संस्थाहरुको लगत संलन तथा जानाकारी;

१. संस्थाको उध्देश्य

२. संस्थाले हाल सम्म पुरयाएका उल्लेखनिय सेवाहरु

३. स्थानीय समुदायमा (संस्थाको कार्य क्षेत्र) सामाजिक साथै आर्थिक विकासमा पुरयाएका योगदानहारु (के के हुन?)

   क) संस्थाको यो सेवा/कार्यक्रम अनिबार्य हो कि ऐच्छिक ?

४. संस्थाको समुदायहरु संग सम्बन्ध र सहकार्य का अवस्था (सहकार्यका उदाहरणहरु)

५. संस्थाको समितिमा सामाजिक समाबेशिकरण

६. संस्थामा मानबीय श्रोत को अवस्था र उनिहरुको आबश्यक शीप बिकास को श्रोत/आबश्यकता

७. संस्थाको जिल्ला, केन्द्रिय तथा राष्ट्रिय सहकारी संस्थाहरुमा आबध्दता

   क) आबध्द रहदा नरहदा संस्थालाई फरक

८. संस्थालाई त्यस्तो छुट्टै यस क्षेत्रमा सहकारी सन्जालको महशुस र पहल

९. संस्थाहरु एउटै टोल/गांउमा धैरै भएका अवस्थामा संस्थालाई गाभेर/मिलाएर (merge) सेवा प्रदान गर्दा महशुस

१०. क्षेत्र/जिल्लामा सहकारी सम्बन्धि जानाकारी गोष्ठिहरु हुने गरे/नगरेका छन र सहभागिताको अवस्था

११. सरकारको तीन खम्बे नीति (Private Public Cooperative) अन्तरगत यस संस्थाबाट के के कार्यहरु पहल भएकाछन?

१२. के कस्तो अपेक्षा गरिएको छ?

   क) संस्थाबाट समुदायले

   ख) समुदायबाट संस्थाले

   ग) जिल्ला/केन्द्रिय/राष्ट्रिय संस्था बाट प्रारम्भिक संस्थाहरुले

   घ) बिभाग, मन्त्रालय बाट प्रारम्भिक संस्थाहरुले

   ङ) अन्य राष्ट्रिय/अन्तरराष्ट्रिय संस्थाहरु बाट प्रारम्भिक संस्थाहरुले

१३. अन्त्यमा संस्थाको केहि भनाइ/प्रश्नहरु छन भने;

## अनुसुचि २: भक्तपुर निर्वाचन क्षेत्र नं २ मा स्थलगत अध्ययन/छलफलको क्रममा प्रत्यक्ष/अप्रत्यक्ष सम्पर्क गरिएका संस्था/ब्यक्तिहरुको नाम/ठेगाना

**प्रत्यक्ष सम्पर्क गरिएका संस्था/ब्यक्तिहरु:**

१. **संस्थाको नाम:** गुण्डु बचत तथा ऋण सहकारी संस्था
**सम्पर्क गरेको ब्यक्तिको नाम:** गणेश बहादुर गिरि **पद:** अध्यक्ष
**नगर पालिका/गा. बि. स.:** गुण्डु **वार्ड नं.:** १ **टोल/गांउ:** गुण्डु

२. **संस्थाको नाम:** चमेली बचत तथा ऋण सहकारी संस्था
**सम्पर्क गरेको ब्यक्तिको नाम:** राम प्रसाद नेउपाने **पद:** अध्यक्ष
**नगर पालिका/गा. बि. स.:** दधिकोट **वार्ड नं.:** २ **टोल/गांउ:** बिरुवा

३. **संस्थाको नाम:** जनचेतना महिला बचत तथा ऋण सहकारी संस्था
**सम्पर्क गरेको ब्यक्तिको नाम:** शोभा के.सि. **पद:** सचिब/संचालक
**नगर पालिका/गा. बि. स.:** सिरुटार **वार्ड नं.:** ८ **टोल/गांउ:** कार्कि गांउ

४. **संस्थाको नाम:** जय गणपति बचत तथा ऋण सहकारी संस्था
**सम्पर्क गरेको ब्यक्तिको नाम:** मनोज बानिया **पद:** अध्यक्ष
**नगर पालिका/गा. बि. स.:** सिरुटार **वार्ड नं.:** ३ **टोल/गांउ:** चारदोबाटो

५. **संस्थाको नाम:** महिला अभियान बचत तथा ऋण सहकारी संस्था
**सम्पर्क गरेको ब्यक्तिको नाम:** दुर्गा तिवारी सन्जेल **पद:** सचिब/सदस्य
**नगर पालिका/गा. बि. स.:** बालकोट **वार्ड नं.:** २ **टोल/गांउ:** बालकोट

६. **संस्थाको नाम:** चमेरो बचत तथा ऋण सहकारी संस्था
**सम्पर्क गरेको ब्यक्तिको नाम:** भीमसेन श्रेष्ठ **पद:** कोषाध्यक्ष
**नगर पालिका/गा. बि. स.:** बालकोट **वार्ड नं.:** ५ **टोल/गांउ:** कौशलटार

७. **संस्थाको नाम:** शुभकामना बचत तथा ऋण सहकारी संस्था
**सम्पर्क गरेको ब्यक्तिको नाम:** श्रृजना सुवाल **पद:** प्रबन्धक
**नगर पालिका/गा. बि. स.:** भक्तपुर **वार्ड नं.:** १४ **टोल/गांउ:** नासझा

८. **संस्थाको नाम:** दक्षिणकालि महिला बचत तथा ऋण सहकारी संस्था
**सम्पर्क गरेको ब्यक्तिको नाम:** राधा हुमागांई **पद:** अध्यक्ष
**नगर पालिका/गा. बि. स.:** मध्यपुर थिमि **वार्ड नं.:** १६ **टोल/गांउ:** लोकन्थली

९. **संस्थाको नाम:** सजिलो बचत तथा ऋण सहकारी संस्था
**सम्पर्क गरेको ब्यक्तिको नाम:** रोषन भक्त श्रेष्ठ **पद:** ब्यबस्थापक
**नगर पालिका/गा. बि. स.:** मध्यपुर थिमि **वार्ड नं.:** १७ **टोल/गांउ:** लोकन्थली

१०. **संस्थाको नाम:** दर्पण बचत तथा ऋण सहकारी संस्था
**सम्पर्क गरेको ब्यक्तिको नाम:** सन्तोष थापा **पद:** अध्यक्ष
**नगर पालिका/गा. बि. स.:** मध्यपुर **वार्ड नं.:** १५ **टोल/गांउ:** कौशलटार

११. **संस्थाको नाम:** लोहकिल्थलि माता बचत तथा ऋण सहकारी संस्था
**सम्पर्क गरेको ब्यक्तिको नाम:** करण द्वारे **पद:** ब्यबस्थापक
**नगर पालिका/गा. बि. स.:** मध्यपुर **वार्ड नं.:** १६ **टोल/गांउ:** लोहकिल्थली

१२. **संस्थाको नाम:** सर्बश्री बचत तथा ऋण सहकारी संस्था
**सम्पर्क गरेको ब्यक्तिको नाम:** दीपेन्द्र खत्री **पद:** प्रबन्धक
**नगर पालिका/गा. बि. स.:** कटुन्जे **वार्ड नं.:** ८ **टोल/गांउ:** पाण्डु बजार

१३. **संस्थाको नाम:** सिमल बचत तथा ऋण सहकारी संस्था
**सम्पर्क गरेको ब्यक्तिको नाम:** हरिभक्त हेङ्जु **पद:** प्रबन्धक
**नगर पालिका/गा. बि. स.:** चित्तापोल **वार्ड नं.:** १ **टोल/गांउ:** सिमलटार

१४. **संस्थाको नाम:** सिध्दिलक्ष्मी बचत तथा ऋण सहकारी संस्था
**सम्पर्क गरेको ब्यक्तिको नाम:** गणेशराम रन्जीत **पद:** कोषाध्क्ष
**नगर पालिका/गा. बि. स.:** कटुन्जे **वार्ड नं.:** ८ **टोल/गांउ:** सुन्दरबस्ती

१५. **संस्थाको नाम:** नन्दीकेश्वर बचत तथा ऋण सहकारी संस्था
**सम्पर्क गरेको ब्यक्तिको नाम:** श्रीराम ब्यन्जु **पद:** सचिब
**नगर पालिका/गा. बि. स.:** नङखेल **वार्ड नं.:** २ **टोल/गांउ:** नङखेल

१६. **संस्थाको नाम:** अनमोल बचत तथा ऋण सहकारी संस्था
**सम्पर्क गरेको ब्यक्तिको नाम:** राजु थापा **पद:** अध्यक्ष
**नगर पालिका/गा. बि. स.:** सिपाडोल **वार्ड नं.:** १ **टोल/गांउ:** सूर्यबिनायक

**अप्रत्यक्ष सम्पर्क गरिएका संस्था/ब्यक्तिहरु:**

१. **संस्थाको नाम:** सिध्दी बिनायक बचत तथा ऋण सहकारी संस्था
**सम्पर्क गरेको ब्यक्तिको नाम:** मुकेश किल्म्बु **पद:** कोषाध्यक्ष
**नगर पालिका/गा. बि. स.:** कटुन्जे **वार्ड नं.:** ८ **टोल/गांउ:** कटुन्जे

२. **संस्थाको नाम:** अधिकार बचत तथा ऋण सहकारी संस्था
**सम्पर्क गरेको ब्यक्तिको नाम:** ईशवरी सिल्पकार **पद:** सचिब
**नगर पालिका/गा. बि. स.:** भक्तपुर **वार्ड नं.:** १ **टोल/गांउ:**

३. **संस्थाको नाम:** नित्यनाथ बचत तथा ऋण सहकारी संस्था
**सम्पर्क गरेको ब्यक्तिको नाम:** शीब कुमार त्वायना **पद:** अध्यक्ष
**नगर पालिका/गा. बि. स.:** भक्तपुर **वार्ड नं.:** १३ **टोल/गांउ:**

४. **संस्थाको नाम:** नारी सेवा बचत तथा ऋण सहकारी संस्था
**सम्पर्क गरेको ब्यक्तिको नाम:** ललिता कर्मचार्य **पद:** उपाध्यक्ष
**नगर पालिका/गा. बि. स.:** भक्तपुर **वार्ड नं.:** १ **टोल/गांउ:**

६. **संस्थाको नाम:** बिनायक बचत तथा ऋण सहकारी संस्था
**सम्पर्क गरेको ब्यक्तिको नाम:** पहलमान श्रेष्ठ **पद:** सदस्य
**नगर पालिका/गा. बि. स.:** कटुन्जे **वार्ड नं.:** ८ **टोल/गांउ:**

७. **संस्थाको नाम:** गैर सरकारी संस्था, भकतपुर
**सम्पर्क गरेको ब्यक्तिको नाम:** शर्मिला लवजु **पद:** कार्यक्रम सहायक
**नगर पालिका/गा. बि. स.:** भक्तपुर **वार्ड नं.:** १ **टोल/गांउ:**

८. **संस्थाको नाम:** डिभिजन सहकारी कार्यालय, भक्तपुर
**सम्पर्क गरेको ब्यक्तिको नाम:** गुरु पर्साद दाहाल **पद:** सहकारी सहायक
**नगर पालिका/गा. बि. स.:** भक्तपुर **वार्ड नं.:** १ **टोल/गांउ:**

९. **संस्थाको नाम:** सहकारी प्रशिक्षण केन्द्र, बानेश्वर, काठमाण्डौ
**सम्पर्क गरेको ब्यक्तिको नाम:** गोकर्ण अर्याल **पद:** प्रशिक्षण अधिकृत
**नगर पालिका/गा. बि. स.:** काठमाणडौ **वार्ड नं.:** १ **टोल/गांउ:**

## अनुसुचि ३: भक्तपुर निर्बाचन क्षेत्र नं २ मा संजाल (Network) अभीमुखिकरण (Orientation) तालिम को बिषय/बस्तु

१. संजाल (Network) के हो ? - पूर्ण चेम्जोङ
२. संजालका बिशिष्ट गुणरु (characteristics) - मदन थापा
३. संजाल (Network) बिकासका चरणहरु - पूर्ण चेम्जोङ
४. संजाल (Network) र साकोस (SACCos) - पूर्ण चेम्जोङ
५. संजाल (Network) निर्माणका चरणहरु - पूर्ण चेम्जोङ
६. संजाल (Network) का चुनौतीहरु - पूर्ण चेम्जोङ
७. संजाल (Network) र नेतृत्व - कृष्ण भक्त राई
८. संजाल (Network) र सञ्चार - अर्जुन शाहि

## अनुसुचि ४: भक्तपुर निर्बाचन क्षेत्र नं २ संजाल (Network) अभीमुखिकरण (Orientation) मा सहभागि संस्था हरु बाट तयार गरिएको कार्ययोजना

**कार्य योजना (Action Plan):**

- भक्तपुर निर्बाचन क्षेत्र नं २ का बचत तथा सहकारी संस्थाहरु बीच सहकारी संजाल (SACCos' Network) बारे सबै गा बि स हरुमा छलफल गरी जानाकरी गराउने;
- जानाकारी छलफल पश्चात प्रतिनिधीमुलक संस्थाहरुको भेला गराई स्थानिय तौरमा सहकारी संजाल (SACCos' Network) गठन तथा पहल गर्ने, यस्को लागी सहयोगको आबश्यकता परेमा डिभिजन सहकारी कार्यालय, जिल्ला बचत तथा ऋण सहकारी संस्था र पुनर्जागरण समाज नेपाल लाई सम्पर्क गर्ने;
- संजाल सम्बन्धि आबस्यक तालिम/जानाकरी चाहिएमा पुनर्जागरण समाज नेपाल लाई सम्पर्क गर्ने;